नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

वैशाख/जेष्ठ २०७३ (May 2016) वर्ष २०/अङ्क २३०

## हामीहरू संसारका नून हौं

- एल्डर घन श्याम दाहाल

येशू खीष्टले मत्ती पाँच अध्यायमा आफ्ना चेलाहरूलाई मात्रै डाँडामा बोलाउनुभई उपदेश दिनुभएको छ। पाँच अध्यायको शुरूमा शीर्षक पनि डाँडाको उपदेश भनेर दिएको छ।

यहूदी चलनअनुसार येशूले बसेर आफ्ना चेलाहरूलाई उपदेश दिनुभयो। येशू खीष्टले यही उपदेश दिनुहुँदा चेलाहरूको जिम्मेवारीको बारेमा बताउनुभयो जुनचाहिँ मत्ती ५:१३-१६ मा हामीले अध्ययन गर्न सक्छौं। यस खण्डमा येशूले चेलाहरूलाई जिम्मेवारीको विषयमा बुझाउनलाई नून र ज्योतिको प्रयोग गर्नुभएको छ।

यहाँ चेलाहरूलाई जिम्मेवारीको विषयमा बताउनलाई किन नून लिनुभयो ? यसको अर्थ बुझ्नलाई परमेश्वरको वचनबाट केही कुराहरू हेर्नेछौं।

परमेश्वरको वचनमा पुरानो करार र नयाँ करार दुवै खण्डमा नूनको महत्त्व विशेष प्रकारको पाइन्छ। पहिलो शताब्दीतिर पनि यहूदी समाजमा नूनको विशेष महत्त्व थियो। यसकारण येशूले आफ्ना चेलाहरूलाई तोकेर नै भन्नुभयो, "तिमीहरू पृथ्वीका नून हौ"। नून र ज्योति बाइबलका अलंकारिक शब्दको रूपमा प्रयोग भएका छन्।

नून एउटा ठोस पदार्थ हो। नून दुईवटा तत्वहरू मिलेर बनेको हुन्छ। जसमा ठोस सोडियम र झोल क्लोरिन मिलेर खाने नून सोडियम क्लोराइड बन्दछ।

यस खण्डमा चेलाहरूको आत्मिक जिम्मेवारीको बारेमा स्पष्टसँग बताउनलाई नूनको प्रयोग गरिएको छ।

**१. चेलाहरूको पहिलो जिम्मेवारी:** नूनले स्वाद ल्याउने काम गर्दछ। यो आफै बिलाउँछ, त्यसपछि त्यसको नूनिलोपना थाहा पाउन सकिन्छ। नून नबिलाएसम्म त्यसले अलिनोलाई नूनिलो बनाउन सक्दैन। नून देख्दा साधारण छ तर यसको काम भने असाधारण छ। त्यस बेलाको यहूदी समाजमा नून नभएको अचारजस्तै खल्लो, निरासले भरिएको समाज, बेचैनी, चिन्ता, फिक्रीले ग्रस्त समाजलाई आत्मिक आशाको खाँचो थियो। निरासमा डुबेको समाजलाई आशा आवश्यकता थियो। त्यसैले येशूले चेलाहरूलाई यो जिम्मेवारी दिनुभएको थियो।

**२. चेलाहरूको दोस्रो जिम्मेवारी:** नूनले तिर्खा जगाउने काम गर्दछ। भौतिक शरीरमा नूनको सेवन गर्नाले शरीरलाई तिर्खा जागेर आएजस्तै निरास र बेचैनी समाजलाई परमेश्वरप्रति तिर्खा जगाउनको लागि चेलाहरूको जीवन नूनजस्तै हुनुपर्दछ भन्ने बुझिन्छ। चेलाहरूको जीवन शैली देखेर खीष्टबिहीन समाजलाई खीष्ट येशूप्रतिको आत्मिक तिर्खा जगाउनका निम्ति येशूले चेलाहरूलाई यो जिम्मेवारी दिनुभयो।

**३. चेलाहरूको तेस्रो जिम्मेवारी:** नूनले संरक्षण गर्ने काम गर्दछ। नून राख्नाले अचार लगायतका अन्य खानाहरूलाई कुहिन, सड्नबाट संरक्षण गरेर राखेजस्तै त्यस बेलाको यहूदी समाज पनि अन्याय, अत्याचार, लोभ, रीस झैं-झगडा आदिले ग्रस्त समाजमा छुट्कारको आवश्यकता थियो। असल कुराहरूको संरक्षण र खराब कुराहरूको अन्त गर्नु आवश्यक थियो। यो चेलाहरूलाई दिएको तेस्रो जिम्मेवारी थियो। आज हामीहरूको समाजमा पनि हाम्रो जिम्मेवारी असल कुराको संरक्षण र खराब कुराको निर्मूल गर्नु हो।

**४. चेलाहरूको चौथो जिम्मेवारी:** नूनले निको पार्ने काम गर्दछ। भौतिक शरीरको कुनै पनि भाग सुनिएको अवस्थामा भौतिक शरीरलाई नूनको प्रयोगले निको पारे जस्तै आत्मिक बिरामी अवस्थाबाट स्वतन्त्र गर्न चेलाहरूलाई दिइएको जिम्मेवारी हो। आज हाम्रो समाज पनि आत्मिक रोगले ग्रस्त छ, यसलाई छुट्कारको आवश्यकता छ र सो जिम्मेवारी येशू खीष्टले हामीहरूलाई दिनुभएको छ।

**५. चेलाहरूको पाँचौं जिम्मेवारी:** नूनले शुद्धिकरण गर्ने काम गर्दछ। पुरानो करारमा नूनलाई शुद्धिकरण गर्ने काममा प्रयोग गरिन्थ्यो। नूनले शुद्धता र पवित्रताको काम पनि गर्दथ्यो भन्ने कुरा हामी पुरानो करारमा पाउँछौं (इजकिएल १६:४, प्रस्थान ३०:३५)। त्यस बेलाको यहूदी समाजमा शुद्धता र पवित्रता थिएन। त्यसकारण येशूले चेलाहरूलाई भन्नुभयो, "तिमीहरू शुद्धता र पवित्रताको नमूना बन्नु पर्दछ"।

आज हामीहरूले येशू खीष्टलाई विश्वास गरी समर्पण गरेर उहाँलाई पछ्याएका छौं भने हामीहरू उहाँका चेलाहरू हौं। यदि हामी उहाँका चेलाहरू हौं भने उहाँले दिनुभएको जिम्मेवारीलाई पूर्ण रूपमा पालन गर्न प्रतिवद्ध हुनुपर्दछ। चेलाहरूलाई भन्नुभएको जिम्मेवारी उहाँलाई पछ्याउने सबैको जिम्मेवारी हो। उहाँले हामीहरूलाई भन्नुभयो, "तिमीहरू पृथ्वीका नून हौ"। यदि नून साँचो नून भएन भने त्यो बिलाउँदैन, त्यसले केही परिवर्तन गर्न सक्दैन। यो खाने नून २ वटा तत्वहरू सोडियम धातु र क्लोरिन मिलेर खाने नून जसलाई सोडियम क्लोराइड भनिन्छ। यो खाने नूनलाई विद्युतको उपकरणद्वारा विच्छेदन गरी छुट्याएको खण्डमा सोडियम धातु एकतिर जम्मा हुन्छ भने अर्कोतिर क्लोरिन ग्याँस जम्मा हुन जान्छ। सोडियम धातु चिसोमा र पानीमा जल्ने भएकोले सोडियमलाई मट्टीतेलमा डुबाएर राखिन्छ। त्यस्तै क्लोरिन ग्याँस जुन जम्मा हुन्छ, त्यो अति नै विषालु ग्याँस बन्दछ। यो मानिसलाई लठ्याउने, चिरफार गर्ने काममा प्रयोग गरिन्छ। अर्कोतिर सोडियम धातु पानी र चिसोमा जल्ने भएकोले आफू पनि जल्छ र अरूलाई पनि जल्न मद्दत गर्दछ। आज हामी कस्तो प्रकारको येशूको चेला चेली बनेका छौं ?

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **जेष्ठ १**<br>May 14 | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>दिल थापा | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>भुवन देवकोटा | एल्डर<br>शरण राई |
| **जेष्ठ ८**<br>May 21 | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>मान बहादुर मगर | एल्डर<br>सिमोन पाठक | श्री<br>स्टिफन राई | श्री<br>सुक राम तामाङ्ग | श्री<br>ध्रुब घिमिरे | एल्डर<br>गोपाल शर्मा |
| **जेष्ठ १५**<br>May 28 | श्री<br>लेखनाथ पौडेल | श्री<br>रमेश लामा | डीकन<br>दान बहादुर अधिकारी | पाष्टर<br>रोबर्ट कार्थक | डीकन<br>सिमोन भण्डारी | एल्डर<br>नभराज के.सी. | एल्डर<br>दिल थापा |
| **जेष्ठ २२**<br>June 4 | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | डीकनेस्<br>रश्मिला तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास<br>पाष्टर राजेन्द्र रोंगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

आज समाजमा हाम्रो असर संसारलाई परेको छ कि समाजको असर हामीलाई परेको छ ? समाज रोगी, चिन्ताले भरिएको, भ्रस्ट, व्यभिचार, भ्फूट, असत्य, दुर्गन्धले भरिएको छ भने हामीहरूबाट के ख्रीष्टको सुगन्ध फैलिँदै छ ? आफैले आफैलाई मूल्याङ्कन गर्नु जरूरी देखिन्छ ।

के आज हामीहरू येशू ख्रीष्टले दिनुभएको जिम्मेवारी, साँचो चेला चेलीको रूपमा पूरा गरिरहेका छौं ? कि हामी जलनसील सोडियम धातु जस्तै आफै पनि जल्ने र अरूलाई पनि जल्न मद्दत गरिरहेका छौं ? कि हामी विषालु क्लोरिन ग्याँस जस्तै भएका छौं ?

येशू ख्रीष्टले दिनुभएको जिम्मेवारी, समाजलाई संरक्षण गर्नु र येशू ख्रीष्टको सुबास्ना फैलाउनु, शान्ति, मेलमिलाप सृजना गर्नु, परमेश्वरप्रति मानिसहरूलाई तिर्खा जगाई परमेश्वरको बाटोमा डोऱ्याउने काममा प्रयोग हुन आउँछ । परमेश्वरले हामीहरूलाई अनुग्रह गरून् कि हामीहरूको जीवनद्वारा हामीहरू रहेको समाज असल, स्वच्छ, स्वस्थ, शान्ति र मेलमिलापमा रहनलाई हामीहरू नून जस्तै प्रयोग हुन सकौं र परमेश्वरको महिमा गर्दै जीवन जिउनेहरू बनौं ।

# हार्दिक बधाई



चैत्र २८ गते/अप्रिल १० तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **रचना लामा** र स्मर्ना गोंगबूँ मण्डलीको सदस्य श्री **भिम कुमार तामाङ्ग**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **भिम कुमार/रचना तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ५ गते/अप्रिल १७ तारिख आइतबार नेइम ललितपुर मण्डलीकी सदस्य सुश्री **रश्मी घिसिङ्ग** र क्वाइनोनियाँ, बालाजु मण्डलीको सदस्य श्री **राजु पन्त**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राजु/रश्मी पन्त**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख १० गते/अप्रिल २२ तारिख शुक्रबार नेइम ललितपुर मण्डलीकी सदस्य सुश्री **सविता तामाङ्ग** र न्यू लाइफ चर्च, दिल्लीको सदस्य श्री **मञ्जुल चौधरी**को नेइम ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **मञ्जुल/सविता चौधरी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



**श्री याकूब थापा**



**श्री लेखनाथ पौडेल**



**श्री विष्णु देउला**



**सुश्री अर्चना महर्जन**

चैत्र २१ गते/अप्रिल ३ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू **श्री याकूब थापा, श्री लेखनाथ पौडेल, श्री विष्णु देउला** र **सुश्री अर्चना महर्जन** हिमालयन ग्र्याजुएट स्कूल अफ् थियोलोजी काठमाडौं, सानेपाबाट ईश्वरशास्त्रमा मास्टर अफ् डिभिनिटी (M.Div.) सफलतापूर्वक पूरा गरी दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभ कामना व्यक्त गर्दछौं ।



वैशाख १२ गते/अप्रिल २४ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य **श्री शिरिष प्रधान** (N.T.C.) नेपाल थियोलोजिकल कलेज, सातदोबाटोबाट ईश्वरशास्त्रमा डिप्लोमा इन थियोलोजी (D.Th.) सफलतापूर्वक पूरा गरी दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभ कामना व्यक्त गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **जेष्ठ १** May 14 | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री राजु तामाङ्ग |
| **जेष्ठ ८** May 21 | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | एल्डर कर्ण तामाङ्ग | श्री प्रशान्त सिंह | श्री सुरेन्द्र सापकोटा |
| **जेष्ठ १५** May 28 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | श्रीमती सावित्री थापा | श्री जय सिंह | एल्डर सिमोन पाठक | श्री राजु तामाङ्ग |
| **जेष्ठ २२** June 4 | एल्डर दानिएल सापकोटा | डीकन पासाङ्ग तामाङ्ग | श्री राज गुरूङ्ग | श्री कृष्ण तामाङ्ग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर छोदेन कार्थक | एल्डर बी.एन. पण्डित | संयुक्त सेवा गोंगबूँ चर्च |

### जानकारी

चैत्र ६ गते/मार्च १९ तारिख शनिबार नेइम जोरपाटी मण्डलीको ४ जना र नेइम सुन्दरीजल चर्चको २ जना गरी जम्मा ६ जना विश्वासीहरूको समर्पण भयो ।

नेइम साँखु मण्डली २०७२ वैशाख १२ गतेको महाभू-कम्पपछि केही समय स्थागित भई हाल स्थानिय विश्वासीसँग जग्गा १० वर्षको लागि भाडामा दिनेलिने करारनामा गरी आराधना सेवा भइरहेको जानकारी गराउँदछौं । आराधना भवन निर्माणमा आर्थिक र श्रमदान दिनुभई सहायता पुऱ्याउनुभएका सम्पूर्ण विश्वासीहरूलाई नेइमको साझा पत्र-थलो सूचनापत्रद्वारा नेइम जोरपाटी कार्यकारिणी वहाँहरूप्रति धन्यवाद व्यक्त गर्दछौं ।

चैत्र २७ गते/अप्रिल ९ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा एल्डर, डीकन, डीकनेस्हरूको अभिषेक भयो ।

एल्डर – डीकन रूबेन प्रधान, डीकन वीर बहादुर के.सी., डीकन उत्तम राजकर्णिकार, डीकन रत्नमान महर्जन, डीकन सिमोन पाठक, डीकन अर्जुन ढकाल र डीकन सुरेश पुरकोटी
डीकनेस् अनु राई, डीकनेस् राइनी डीविट, डीकनेस् शुङ्गग कार्थक र डीकनेस् चन्दा मुखिया
डीकन – श्री हरि थापा
डीकनेस् – श्रीमती मेनुका क्षेत्री, श्रीमती सलोमी के.सी., श्रीमती नानी छोरी शाही र श्रीमती सावित्री राई ।

वैशाख ११ गते/अप्रिल २३ तारिख शनिबार नेइम नगरकोट मण्डलीमा एल्डर, डीकन, डीकनेस्हरूको अभिषेक भयो ।
एल्डर – डीकन मान बहादुर मगर
डीकन – श्री कान्छा श्रेष्ठ
डीकनेस् – श्रीमती रश्मिला तामाङ्ग

### मे महिनाको कार्यक्रम

जेष्ठ २ गते/मे १५ तारिख आइतबार बिहान १०:०० बजे **नेइम कार्यकारिणीको बैठक** जोरपाटी मण्डलीमा ।

जेष्ठ ८ गते/मे २१ तारिख शनिबार बिहान २:०० बजे **नेइम संयुक्त जवान संगति** ज्ञानेश्वर मण्डलीमा ।



ढल्को बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती **शारदा रजक** ५२ वर्षको उमेरमा चैत्र २६ गते/अप्रिल ८ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



भैंसेपाटी बस्नुहुने नेइम भैंसेपाटी मण्डलीकी सदस्य श्रीमती **मैनु गुरूङ्ग** ६५ वर्षको उमेरमा चैत्र २९ गते/अप्रिल ११ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



पनौती बस्नुहुने नेइम पनौती मण्डलीकी सदस्य श्रीमती **मसली ठकुरी** ७० वर्षको उमेरमा वैशाख २ गते/अप्रिल १४ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



पनौती बस्नुहुने नेइम पनौती मण्डलीकी सदस्य श्रीमती **सन्त कुमारी प्रजापति** ६८ वर्षको उमेरमा वैशाख ४ गते/अप्रिल १६ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



ठिमी नगदेश बस्नुहुने नेइम सिर्जनानगर मण्डलीको सदस्य श्री **राम कृष्ण कोजु** ६२ वर्षको उमेरमा वैशाख १९ गते/मे १ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २६ 8<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरिदिऔं ।<br>२ तिमोथी ३:१६,४:१-५ | २ 15<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | ९ 22<br>नेइमअन्तर्गतका मण्डलीहरूका लागि मण्डली भवन बनाउन र जग्गा किन्नको लागि समयमा नै रुपैयाँ-पैसा जुट्न सकोस् भनी प्रार्थना गरौं ।<br>हाग्गै २:४-९ | १६ 29<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार** Monday | २७ 9<br>अधुरो परिवारमा रहेकाहरू साथै प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १६:३३, २ कोरिन्थी १२:९-१० | ३ 16<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | १० 23<br>मण्डलीका सबै समर्पित सदस्यहरू मण्डलीको सेवा-संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १७ 30<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ |
| **मंगलबार** Tuesday | २८ 10<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने जस्ता भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैद्य धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ४ 17<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ | ११ 24<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १८ 31<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितमा जिउन सकून् ।<br>१ पत्रुस २:११-१२ |
| **बुधबार** Wednesday | २९ 11<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढ्दै गएको होस् ।<br>एफिसी ४:११-१६ | ५ 18<br>मण्डली वृद्धि विस्तारको साथै फैलिएर गएको मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको अभाव नभएको होस्<br>मत्ती ९:३५-३८ | १२ 25<br>प्रभु येशूको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा र सतावटमा पर्नु-भएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>प्रेरित ९:१५-१६,, फिलिप्पी १:२६-२९ | १९ June 1<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार** Thursday | ३० 12<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै दम्पतीहरूको लागि आशिष् मागिदिऔं ।<br>प्रस्थान २०:५-६, भजनसंग्रह १२७:२ | ६ 19<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १५:७, एफिसी ४:१-४, ३०-३२ | १३ 26<br>एस.एल.सी. परीक्षा दिनुभएकाहरू स्कूल, कलेजमा अध्ययनरत विद्यार्थीहरू साथै उच्च शिक्षा हासिल गरिरहनुभका सबैको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५९:२१,६१:९ | २० 2<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ |
| **शुक्रबार** Friday | ३१ 13<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१-१८ | ७ 20<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | १४ 27<br>प्रत्येक शनिबार आराधना सेवामा आइराख्नुभएकाहरू जो जतिले येशू प्रभुलाई ग्रहण गर्नुभएको छैन सबैले खीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | २१ 3<br>आराधना सेवामा सबैजना आराधना गर्न, वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>भजनसंग्रह १२२:१-९ |
| **शनिबार** Saturday | १ जेष्ठ 14<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ८ 21<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १५ 28<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | २२ 4<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**थाकेकोलाई सम्भाल्ने वचन जान्न सकून् भनेर परमप्रभु परमेश्वरले मलाई सिकाइको बोली दिनुभएको छ । उहाँले मलाई बिहानैपिच्छे जगाउनुहुन्छ । सिक्नेलाई झैं ध्यानसित सुन्न उहाँले मेरो कान खोलिदिनुहुन्छ । परमप्रभु परमेश्वरले मेरो कान खोलिदिनभएको छ, र म बागी भइनँ । म पछि हटिनँ ।**

**यशैया ५०:४-५**